# गैरआवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषदको परिपत्र

आगामी अक्टुबर महिनाको १५-१७ तारिख काठमाण्डौमा सम्पन्न हुन लागेको गैरआवासीय नेपाली संघको तेश्रो विश्व सम्मेलन ठोस उपलब्धि सहित भव्यरुपमा सफल पार्नकालागि गैरआवासीय नेपाली संघ अन्तराष्ट्रिय समन्वय परिषदको तर्फबाट विश्वभरिका राष्ट्रिय समन्वय परिषदहरुलाई निम्न बमोजिमको कार्य गर्नगराउन हार्दिक अनुरोध सहित यो परिपत्र जारी गरिएको छः

१. नेपाल सरकारद्वारा हालै जारी गरिएको विधेयकले गैरआवासीय नेपालीको परिभाषामा भ्रम उत्पन्न गरे पनि गैरआवासीय नेपाली संघको विधान अनुसार नेपाली मूलका विदेशी नागरिक र एक आर्थिक वर्षमा १८२ दिन भन्दा बढि विदेशमा बासोवास गर्ने सवै नेपाली नागरिकहरु गैरआवासीय नेपाली हुन् । यस परिभाषाले विदेशमा अध्ययनरत नेपाली विद्यार्थीहरु, छोटो समयकालागि वैदेशिक रोजगारमा गएका नेपाली नागरिकहरु सवैलाई समेट्ने व्यहोरा जानकारी गराउँदै सवैलाई आगामी तेस्रो विश्व सम्मेलनमा भागलिन आह्वान गर्ने ।

२. तेश्रो विश्व सम्मेलनमा प्रस्तुत गर्न लागिएको विधान संशोधन मस्यौदा उपरको आफ्नो राष्ट्रिय समन्वय परिषदको राय तथा सुझाव प्रस्तावहरु सेप्टेम्बर १५ तारिख सम्ममा गैरआवासीय नेपाली संघ अन्तराष्ट्रिय समन्वय परिषदमा आइपुग्ने गरी पठाइसक्नुपर्नेछ।

३. विश्व सम्मेलनमा भाग लिन इच्छुक गैरआवासीय नेपालीहरुको नामावली तयार गरी अक्टोबर १ तारिख सम्ममा केन्द्रीय सचिवालयमा बुझाइ सहभागीको डाइरेक्टरी बनाउन का साथै अरु तयारी कालागि सहयोग गर्न अनुरोध गरिन्छ।

४. हाल लागु रहेको विधानमा व्यवस्था नभए पनि विस्तारित हुँदै गएको हाम्रो संगठनको बृहत हित र बिकासकालागि निम्न विषयमा अब उप्रान्त यही पत्रको आधारमा कार्य गर्न गराउन अनुरोध गरिन्छ ।

४.१ विश्व सम्मेलनमा भाग लिई आफ्नो मताधिकारको प्रयोग गर्न इच्छुक गैरआवासीय नेपालीहरुको नाम सम्बन्धित मुलुकको राष्ट्रिय समन्वय परिषदमा दर्ता गराउनु पर्नेछ । कसैले कारणवश सम्बन्धित मुलुकको राष्ट्रिय समन्वय परिषदमा नाम दर्ता गर्न नसकेमा केन्द्रीय सचिवालयमा नाम दर्ता गर्न सकिने छ । तर यसरी सचिवालयमा दर्ता गरिएतापनि नीजको विवरण प्रमाणीकरणकालागि सम्बन्धित एनसिसिमा पठाइनेछ ।

४.२ सम्बन्धित मुलुकमा राष्ट्रिय समन्वय परिषद गठन नभएको अवस्था रहेमा केन्द्रीय सचिवालयमा आफ्नो नाम दर्ता गराउन र पञ्जिकृत सदस्यता लिन सकिने छ ।

४.३ विश्व सम्मेलनमा मताधिकार सहित भाग लिनकालागि नाम दर्ता गराइ सकेका व्यक्तिहरुलाई सम्बन्धित एनसिसिले नाम, तथा दर्ता नं. अंकित दर्ता प्रमाण उपलब्ध गराउन अनुरोध छ।

क्रमशः ... २

४.४ एन सि सि ले नाम दर्ता गर्दा विश्व सम्मेलनमा सहभागी हुन लाग्ने दस्तुर १०० (एक सय) अमेरिकी डलर तथा २ प्रति फोटो र नेपालमा रहँदाको सम्पर्क टेलीफोन नम्बर सहित एन आर एन वेभसाइटमा उपलव्ध सहभागिता दर्ता फारम अनिवार्य रुपमा भराई लिने  र सो को विवरण सचिवालयमा अक्टोबर १ तरिख अगाडिनै आइपुग्नेगरी पठाइदिन अनुरोध गरिन्छ ।

४.५ तेश्रो विश्वसम्मेलन पछि बन्ने आइसिसिको सदस्यको रुपमा एनसिसिको तर्फबाट मनोनयन अनुरोध छ तर त्यसरी मनोनित आइसीसी सदस्यले विधिवत निर्वाचित हुन सम्मेलनमा अनिवार्य सहभागि हुनुपर्नेछ ।

४.६ तेश्रो विश्व सम्मेलनमा प्रस्तुत गर्न एनसिसिको बुँदागत प्रगति विवरण, सम्वन्धित मुलुकमा विद्यमान समस्याहरु, संभावनाहरु र आगामी लक्ष्यहरु समाविष्ट गरी प्रतिवेदन तयार पारी सचिवालयमा पठाउन अनुरोध छ ।

४.७ तदर्थ समिति मात्र रहेमा शिघ्र राष्ट्रिय अधिवेशन आयोजना गरि एनसिसिलाई पूर्णता प्रदान गर्न र तेश्रो विश्व सम्मेलनमा सहभागी बन्न अनुरोध गरिन्छ ।

५. तेश्रो विश्व सम्मेलनमा सहभागिताकालागि गैरआवासीय नेपालीहरुलाई उत्साहित गराउन सवैमा अनुरोध छ । सम्मेलनको व्यापक प्रचार प्रसार गर्न संभव भए सम्म सम्बन्धित मुलुकमा विविध कार्यक्रमहरुको आयोजना गर्ने । उदाहरणका लागि सम्बन्धित मुलुकहरुमा क्रियाशिल विभिन्न नेपाली संघ संस्थाहरु संग अन्तक्रिया गर्ने, गैरआवासीय नेपाली संघले प्राप्त गरेका उपलव्धि बारे प्रकाश पार्ने, नेपाललाई सहयोग गर्न चाहने वा विगतमा नेपालकालागि योगदान गरेका गैर नेपालीहरुको अभिनन्दन कार्यक्रम आयोजना गर्ने, सांस्कृतिक कार्यक्रम आयोजना गर्ने, युवा पुस्तालाई एनआरएन प्रति सचेत गराउन विभिन्न कार्यक्रम आयोजना गर्ने, तेश्रो विश्व सम्मेलनको नारा सहितका पोष्टरहरु लगायत विविध प्रचार सामाग्रीहरु प्रकाशित गर्ने, आदि  आफूलाई अनुकुल हुने कार्यक्रमहरु गर्न सवैमा हार्दिक अनुरोध गरिन्छ।

६. आगामी ६ अक्टोबरमा आयोजना गर्न लागिएको एनआरएन म्याराथुनमा सहभागी हुन सम्भव भए सम्म कमसेकम एकजना नेपाली वा गैर नेपाली धावकलाई पठाई म्याराथुनलाई सफल पार्न सहयोग गर्न पनि अनुरोध छ।

डा उपेन्द्र महतो<br>
अध्यक्ष<br>
अन्तराष्ट्रिय समन्वय परिषद<br>
गैरआवासीय नेपाली संघ